## विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी

# कवितासंग्रहका पाँचवटा पुस्तकहरूको टिप्पणी

(अय्यूबको पुस्तकदेखि श्रेष्ठगीतको पुस्तकसम्म)

विलियम म्याक डोनाल्ड

# कवितासंग्रहका पाँचवटा पुस्तकहरूको भूमिका

कसैले यसो भनेका छन्ः ‘अनुवादमा कविताको गुण र स्वाद हराउँछ।’ तर हामी भाग्यमानी छौं; किनकि हिब्रू कविताको विषयमा कुरा यस्तो छैन; किनभने जसले हिब्रू कविताको विषयमा यस्तो भन्छ, ऊ साँचो कुरा भन्दैन, तर उसको राय उसको अज्ञानताको फल हुनुपर्छ। बरु ठेट अङ्ग्रेजी वा स्तरीय प्रान्सेली भाषाको कविताको विषयमा यसो भन्न मिल्ला; किनभने अङ्ग्रेजी कविताको विषयमा अपनाउनुपर्ने नियमहरू कठोर छन्, जस्तैः तुकको एकताको विषयमा, पंक्ति-पंक्तिको रचना, त्यसको लमाइ, लय र ताल बनाउने, शब्द र शब्दांशको उच्चारणको एकता आदि विषय-हरूमा कड़ा नियम छन् अनि कवितामा विशेष शब्दावलीहरू पनि प्रयोग गरिएका छन्। यसकारण अङ्ग्रेजी कविता अरू भाषाहरूमा अनुवाद गर्न एकदम गाह्रो छ र मलाई लाग्छ, यसको अनुवाद त्यति सफलतापूर्वक भएको छैन।

हो, हिब्रू कवितामा पंक्तिको लमाइ र त्यसको लय र ताल बनाउने सम्बन्धमा नियम त छ, अँ, अनुप्रास अलङ्कार प्रयोग गरिन्छ, अर्थात् उस्तै-उस्तै ध्वनि भएका शब्दहरू प्रयोग गरिन्छन्, अनि हाम्रो अङ्ग्रेजी कविताको रचनासित मिल्ने अरू प्रणालीहरू पनि प्रयोग गरिन्छन्।

भविष्यवक्ताहरूका जम्मै पुस्तकहरू प्रायः कविताको शैलीमा लेखिएका भए तापनि पुरानो नियमअन्तर्गत पाँचवटा पुस्तकहरू छन्, जुनचाहिँ कविताको सङ्ग्रह मानिएका छन्, जस्तैः अय्यूबको पुस्तक, भजनसंग्रह, हितोपदेश, उपदेशक र श्रेष्ठगीतका पुस्तक-हरू।[1)]

**क) कविता मानिएका पुस्तकहरू यी हुन्ः**

**अ) अय्यूबको पुस्तक**

हुन सक्छ, अय्यूबको पुस्तक पवित्र बाइबलको सबैभन्दा पुरानो पुस्तक होला; किनकि ठीक र बेठीकको विषयमा यसमा गरिएका सबै छलफलहरूमा मोशाको व्यवस्थाको कुनै सङ्केत पाइँदैन। यस पुस्तकमा अति नै कष्टहरू भोगिरहेका धर्मी अय्यूबले प्रभावकारी बातचितहरूमा आफ्ना मित्रहरूसँग आफ्नो दुःखकष्टको खास कारणको विषयमा बहस गर्दै बस्छन्; तर अन्तमा परमप्रभुले उनलाई सिकाउनुभयोः उनले जेजस्तो अवस्थामा पनि आफूलाई सर्वाधिकारी परमेश्वरको इच्छाको अधीनतामा सुम्पनुपर्छ। अय्यूबको पुस्तक बुद्धि-साहित्यको उत्कृष्ट रचना हो, अनि यो कुरा विश्वासमा नआएका मानिसहरू समेत स्वीकार गर्न तयार छन्। यसकारण यो सर्वोत्तम, तेजस्वी कविता अवश्य पढ्नुहोस्!

**आ) भजनसंग्रहको पुस्तक**

ख्रीष्ट-विश्वासीहरूको निम्ति पुरानो नियममा सबैभन्दा लोकप्रिय पुस्तक भजनसंग्रहको पुस्तक हो। यसकारण नयाँ

नियमका कति संस्करणहरूमा हामीजस्तै सम्पूर्ण बाइबल बोक्न गाह्रो मान्नेहरूको सुविधाको निम्ति भजनसंग्रहको पुस्तक पनि त्यसमा जोड़िएको छ। भजनसंग्रहको पुस्तक मन पराउने धेरै मानिसहरू छन्, तर तिनीहरूमध्ये धेरैलाई यो पुस्तक पूरापूर कविता हो भन्ने कुरा थाहा छैन।[2)]

भजनसंग्रहचाहिँ उहिलेको इस्राएली जातिको गीतसंग्रह थियो; भजनसंग्रहको पुस्तक पाँचवटा पुस्तकहरूको संग्रह हो। यी भजनहरू लगभग एक हजार वर्षको अवधिभित्र, अँ, ख्रीष्टपूर्व १४०० साल र ख्रीष्टपूर्व ४०० सालभित्र लेखिए। भजन ९० मोशाको रचना हो, जुनचाहिँ ख्रीष्टपूर्व १४०० सालतिर बनेको थियो भने, एज्राको रचना ख्रीष्टपूर्व ४०० सालतिर भएको हो।

### इ) हितोपदेशहरूको पुस्तक

ख्रीष्ट-विश्वासीहरूको निम्ति पुरानो नियमअन्तर्गत दोस्रो स्थानमा आउने पुस्तक हितोपदेशहरूको पुस्तक हो। अनि हितोपदेशहरूको यो पुस्तक पनि नियमित रूपले पढ़िन्छ। यो पुस्तक बुद्धिका वचनहरूले भरपूर छ। जीवनको सफलता कसरी प्राप्त गरिन्छ? तपाईंले यसको विषयमा परमेश्वरको दृष्टिकोण जान्न चाहनुभयो भने, हितोपदेशहरूको पुस्तक पढ्नुहोस्; किनकि वास्तवमा यस प्रकारको जीवन मात्र जिउन लायक जीवन हो। यो उदेक रचना बुद्धि-साहित्यको हीरा हो।

### ई) उपदेशकको पुस्तक

यो पुस्तक प्रायः मानिसहरूले पवित्र बाइबलको आधारभूत शिक्षासित मिलाउन सकेका छैनन्, तिनीहरूको निम्ति यो सबैभन्दा गाह्रो कुरा हो। तर उपदेशकको पुस्तकको अर्थ खोल्ने एउटा कुञ्जी-शब्द छ, ‘सूर्यमनि’। किनकि यस पुस्तकमा उपदेशकले परमेश्वरको प्रकाश नपाएको व्यक्तिको दृष्टिकोण अपनाएर तर्क गरिरहेका छन्। उपदेशकको पुस्तकचाहिँ बुद्धि-साहित्यको अर्को अद्भुत रचना हो।

### उ) श्रेष्ठगीतको पुस्तक

श्रेष्ठगीतको पुस्तकको विषयमा बाइबल-प्रेमीहरू सबैको राय एउटै हो: यो साँचो, विशुद्ध प्रेमको विषयमा लेखिएको कति सुन्दर कविता हो! तर यस पुस्तकका व्याख्याहरू भिन्नै छन्। ‘श्रेष्ठगीत’को नाम हिब्रू भाषामा ‘गीतहरूको गीत’ हो। यो एउटा हिब्रू मुहावरा हो, जसको अर्थ ‘सबैभन्दा उत्कृष्ट गीत’ हो। राजा सुलेमानले एक हजार पाँच गीतहरू रचे (१ राजा ४:३२); तर यो श्रेष्ठगीतचाहिँ उनको सर्वोत्तम रचना थियो।

## ख) हामीले पुरानो नियमको कविताबाट आनन्द उठाउन सक्नुपर्छ

दुःखलाग्दो कुरा के हो भने, हामीमध्ये धेरैजना स्कूलको समयमा कविताबाट अघायौं; किनकि कि त हामीलाई मन नपरेका र अर्थ नबुझिने कविताहरू कण्ठ गर्न लगाइन्थ्यो, कि त शिक्षकहरूले कविताहरूको चिरफार यहाँसम्म गर्थे कि कविताहरूको सारा सुन्दरता, स्वाद र तेज हराइसकेको थियो। पुरानो नियमका कविताहरूबाट आनन्द उठाउने कुरा केसित तुलना गर्न उचित होला त? यो त गुलाफको फूल रोप्नु र स्याहार गर्नुजस्तै हो, यस्तो काम जोपनि गर्न सक्छ। गुलाफको सुन्दरता र मकमक वासना उपभोग गर्न धेरै सीप चाहिँदैन। मलाई विश्वास गर्नुहोस्, यी कविताहरूबाट गुलाफको फूलको मीठो सुगन्धजत्तिकै सुगन्ध आउँछ। तर कविताहरू पढ्दा जीव-विज्ञानको कक्षामा

बसेको जस्तै गुलाफको फूल चिरफार गर्ने काम नगरौं, जुन कामबाट सायद थुप्रै ज्ञान प्राप्त गरिन्छ होला, तर यसरी हामी निश्चय नै न यी कविताहरूको कला, न यिनको सुन्दरता उपभोग गर्न सक्नेछौं।

आउनुहोस्, हामी पुरानो नियमका कविताहरूबाट आनन्द उठाऔं! कसरी? एक, शुरुमा हामी गुलाफको विषयमा ज्ञान नभएका मानिसहरू बनौं, जसले गुलाफको फूलबाट पूरा आनन्द लिन्छौं। यसकारण पुरानो नियमका कविता-रचना पढ़ौं र यस पढ़ाइबाट आनन्द उठाऔं। अनि दुई, हामी कविताहरू अध्ययन गरौं, तर वैज्ञानिक अध्ययन गरेजस्तै नगरौं।

गुलाफका फूलहरू किसिम-किसिमका छन्। यसैले तपाईंले हाइब्रिड गुलाफ र फ्लोरिबण्डा नामक गुलाफको बीचमा भिन्नता के हो, सो जान्नुभयो भने, निश्चय नै तपाईंले गुलाफका फूलहरूबाट अझ बढ़ी आनन्द उठाउनुहुनेछ। अनि जसले गुलाफका फूलहरूका विभिन्न रङ्गहरू छुट्ट्याउन सक्छ, जसले रातो रङ्ग र गुलाफी रङ्गको गुलाफको बीचमा, मुगाको रङ्ग र सुन्तलाको रङ्ग भएको गुलाफबाट छुट्ट्याउन सक्छ, उसको आनन्द अझ बढ़्छ।

ठीक त्यस्तै तपाईंले कविताहरूको रङ्गरस छुट्टाउन सक्नुहुन्छ। कसरी? तपाईंले ती कविताहरूमा पाइने विभिन्न रूपहरू र रचनाका विभिन्न तकनिकीहरू जान्नुभयो भने, अँ, भजनका लेखकहरू र बाइबलका अन्य कविहरूले अपनाएका शैली र पद्धतिहरूको विषयमा तपाईंसँग केही हदसम्म ज्ञान छ भने, तपाईंले पवित्र बाइबलका कविताहरूबाट बढ़ी आशिषहरू पाउनुहुनेछ। अनि यो कुरा कवितासंग्रह मानिएका पाँचवटा पुस्तकहरूको विषयमा मात्र साँचो ठहरिँदैन, तर पुरानो नियमको बाँकी भागको विषयमा पनि सत्य ठहरिन्छ; अँ, नयाँ नियमको विषयमा उक्त सल्लाह पनि लागू हुन्छ।

### ग) समानान्तरताको तकनिकी

अङ्ग्रेजी कवितामा अपनाइएको मुख्य तकनिकी ध्वनिको तालमेल हो, तर पवित्र बाइबलको कवितामा योचाहिँ सबैभन्दा ठूलो तकनिकी होइन, तर छन्दोबद्ध विचारहरू मिलाउने पद्धति पो यसको प्रमुख तकनिकी हो। यसको अर्थ यस प्रकारको छः यस तकनिकीमा दुई वा दुईभन्दा बढ़ी पंक्तिहरू जोड़िन्छन्, जुन पंक्तिहरू एक-अर्कासँग बढ़ीकम्ती जसोतसो मिल्छन्। हामी परमेश्वरलाई धन्यवाद चढ़ाऔं; किनभने पवित्र बाइबलका प्रायः सबै कविताहरू यस प्रकारका छन्। किनकि यस किसिमका कविताहरू प्रायः सबै भाषाहरूमा असल प्रकारले अनुवाद गर्न सकिन्छ, अनि यी कविताहरूको अनुवाद गर्दा तिनको सुन्दरता पनि हराउँदैन। हाम्रा प्रभु येशू आफैले पनि बोल्नुहुँदा घरिघरि समानान्तरताको तकनिकी अपनाउनुभयो (यस सम्बन्धमा निम्न संक्षिप्त विवरणहरू पढ़िसक्नुभएपछि तपाईंले मत्ती ५-७ र यूहन्ना १३-१७ अध्यायहरूका खण्डहरू फेरि एकपल्ट यस विशेष कुरा-माथि ध्यान दिएर पढ़्नुहोस्)।

हामी यहाँ हिब्रू भाषाले अपनाएको समानान्तरताका मुख्य प्रकारहरूका केही उदारणहरू यस हेतुले प्रस्तुत गर्न चाहन्छौं, कि पाठकवर्गले यस प्रकारका रचनाहरू छिटो भेट्टाउन सकोस्, अँ, 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक बाइबलकोषको सहायता लिएर तपाईंले पुरानो नियम अध्ययन गर्नुभएको बेलामा मात्र नभएर, तर दैनिक बाइबल-पठन गर्दाखेरि र प्रवचनहरू सुन्दाखेरि पनि तपाईंले यस प्रकारका रचनाहरू छिटो फेला पार्न सक्नुहुनेछ।

**अ) समान अर्थ भएका पंक्तिहरूको बीचमा रहेको समानान्तरता**

उक्त नामले सङ्केत गरेअनुसार यस प्रकारको कवितामा पहिलो पंक्तिमा जे भनिएको छ, दोस्रो पंक्तिमा पनि त्यही कुरामाथि जोड़ दिनको निम्ति त्यही कुरा लेखिएको छ। हितोपदेशहरूको पुस्तकभरि यस प्रकारको समानान्तरता पाइन्छ, जस्तैः

*हितोपदेश १२:२८:*
धार्मिकताको मार्गमा जीवन छ,
अनि यस बाटोमा मृत्यु हुँदैन।

*श्रेष्ठगीत २:१:*
'मचाहिँ शारोनको गुलाफ
र बेंसीहरूको लिली फूल हुँ।'

**आ) विरोध अर्थ भएका पंक्तिहरूको बीचमा रहेको समानान्तरता**

यस प्रकारको समानान्तरतामा दुईवटा विरोधाभास जनाउने पंक्तिहरू एक-अर्कोको विरोधमा राखिएका छन्, जस्तैः

*भजन १:६*[3]*:*
किनकि परमप्रभुले धर्मी जनहरूको बाटो जान्नुहुन्छ;
***तर*** भक्तिहीनहरूको बाटो नष्ट हुनेछ।

*हितोपदेश १०:१२:*
घृणाले झगड़ा मच्चाउँछ,
***तर*** प्रेमले सबै पापहरू ढाकिदिन्छ।

**इ) कति पंक्तिहरूमा समानान्तरताको रूप मात्र छ**

यस प्रकारको समानान्तरता रूपमा मात्र रहेको छ; किनकि दुई पंक्तिहरू न एक-अर्कोको विरोध गर्छन्, न अर्थ बढ़ाउँछन्, न कुनै कुरामाथि जोड़ दिन्छन्। कुनै विचार वा विषयको बारेमा कविताका दुईवटा पंक्तिहरू सँगै राखिन्छन्, बस यति, जस्तैः

*भजन २:६:*
तरै पनि मैले आफ्नो राजालाई मेरो पवित्र पर्वत सियोनमाथि बसालेको छु।

**ई) संश्लेषण गर्ने समानान्तरता**

यस प्रकारको समानान्तरतामा कविताको पहिलो पंक्तिले प्रकट गरेको विचार दोस्रो पंक्तिले लिएर बढ़ाइदिन्छ; (ग्रीक भाषाको कुरा होः संश्लेषणको अक्षरशः अर्थ 'एकसाथ राख्नु' हो); जस्तैः

*भजन २३:१:*
परमप्रभु मेरा गोठाला हुनुहुन्छ;
मलाई कुनै कुराको घटी हुनेछैन।

*हितोपदेश ४:२३:*
आफ्नो हृदय पूरा यत्नसित सम्हालेर राख;
किनकि यसैबाट जीवनका धाराहरू निस्कन्छन्।

**उ) प्रतिकात्मक समानान्तरता**

यस प्रकारको कविताको पहिलो पंक्तिमा एउटा शब्द-चित्र पेस गरिएको छ, जुनचाहिँ दोस्रो पंक्तिमा लेखिएको कुरा स्पष्ट पार्ने काम गर्छ, जस्तैः

*भजन ४२:१:*
***जसरी*** मृगले खोलाको पानीको तिर्सना गर्छ,
***त्यसरी नै,*** हे परमेश्वर, मेरो प्राणले पनि तपाईंको तिर्सना गर्छ।

*हितोपदेश ११:२२:*
सुन्दरी स्त्रीसँग विवेकशीलता नहुनुचाहिँ सुङ्गुरको थुतुनुमा सुनको बुलाकी भए***जस्तै*** हो।

### घ) कविताहरूमा साहित्यका विभिन्न अलङ्कारहरू प्रयोग गरिएका छन्

#### अ) तुलनाहरू

पवित्र बाइबलमा विशेष गरी कविता-संग्रहका यी पाँचवाट पुस्तकहरूमा धेरै पल्ट एउटा कुरा अर्को कुरासँग सजीव ढङ्गले तुलना गरिएको छ।

#### १) उपमा भनिने तुलना

जब दुईवटा कुराहरू तुलना गरिएका छन् र 'जस्तै' वा 'झैं' भन्ने शब्द प्रयोग गरिएको छ भने, यस प्रकारको तुलना उपमा भनिन्छ, जस्तैः

*भजन ५:१२:*
किनकि हे परमप्रभु, तपाईंले धर्मी जनलाई आशिष दिनुहुनेछ;
ढालले ***झैं*** तपाईंले उसलाई दयाले घेर्नुहुनेछ।

*श्रेष्ठगीत २:३[क]:*
वनका रूखहरूको बीचमा स्याउको रूख ***झैं***
छोराहरूको बीचमा मेरा प्रिय हुनुहुन्छ।

#### २) रूपक नामक तुलना

कुनै तुलना सीधा छ; त्यसमा 'जस्तो' वा 'झैं' भन्ने शब्द छैन, तर एउटा चीजले अर्को चीज वर्णन गर्छ, यस प्रकारको तुलना 'रूपक' भनिन्छ। अनि यो धेरै लोकप्रिय तरिका[4)] हो, जस्तैः

*भजन ८४:११:*
किनकि परमप्रभु परमेश्वर ***सूर्य र ढाल*** हुनुहुन्छ;
परमप्रभुले अनुग्रह र महिमा दिनुहुनेछ;
सीधा चाल चल्नेहरूलाई उहाँले कुनै पनि असल कुरा नदिई राख्नुहुन्न।

*श्रेष्ठगीत ४:१२:*
'मेरी बहिनी, मेरी दुलही चारैपट्टि बार लगाइएको ***बगैंचा***,
बुज्याइएको ***मुहान***, मोहर छाप ठोकी बन्द गरिएको ***धारा*** हुन्।

#### आ) अनुप्रास अलङ्कार

अनुप्रास एउटा महत्त्वपूर्ण साहित्यिक अलङ्कार हो, जसमा एकै व्यञ्जनको ध्वनि घरिघरि प्रयोग गरिन्छ, जसबाट कविता सङ्गीतमय र प्रभावशाली बन्छ। यसकारण जब एउटै वाक्य वा पदमा कति शब्दहरू एकै अक्षरबाट शुरु हुन्छन्, प्रायः एकै व्यञ्जनबाट शुरु हुन्छन्, तब यस प्रकारको उपयुक्त अनुप्रासले हामीलाई कलापूर्ण सहायता दिन्छ।[5)] हामी यसको निम्ति निम्न उदाहरण दिन्छौंः श्रेष्ठगीतका शुरुका पदहरूमा हिब्रू पाण्डुलिपीमा धेरै शब्दहरू छन्, जुनचाहिँ 'श' भन्ने अक्षरबाट शुरु गर्छन्, हिब्रूमा श्रेष्ठगीतको शीर्षक र सुलेमानको नामको शुरुमा पनि त्यो 'श' अक्षर लाग्छ।

यस सम्बन्धमा कुरा स्पष्ट छ, कि कुनै अनुवादमा यस प्रकारका अनुप्रासहरू मिल्दैनन्, अँ, मूलभाषामा गरेको जस्तै हुनै सक्दैन।[6)] तर के.जे.वी. र एन.के.जे.वी.का अनुवादहरूमा धेरै घतलाग्दा अनुप्रासहरू पाइन्छन्, जस्तैः

*Job 5:12-13:*
He frustrates the devises of the ***c***rafty,
so that the hands ***c***annot ***c***arry out their plans.
He ***c***atches the wise in the own ***c***raftiness,
and the ***c***ouncel of the ***c***unning ***c***omes quickly upon them.

*Job 14:1-2 (NKJV):*

Man who is born of a woman is of ***f***ew days and ***f***ull of trouble.
He comes ***f***orth like a ***f***lower and ***f***ades away.
He ***f***lees like a shadow and does not continue.

*Psalm 111:9:*

***H***e ***h***as sent redemption to ***H***is people;
***H***e ***h***as commanded ***H***is covenant forever:
***H***oly and awesome is ***H***is name.

*Proverbs 17:8:*

A ***p***resent is a ***p***recious stone in the eyes of its ***p***ossessor;
Wherever he turns, he ***p***rospers.

*Proverbs 18:8 (NKJV):*

***T***he words of a ***t***alebearer are like ***t***asty ***t***rifles,
And ***t***hey go down in ***t***he inmost body.

### इ) मानवीकरण गर्ने रूपक

मानवीकरण गर्ने रूपक भनेको परमेश्वर जो आत्मा हुनुहुन्छ, उहाँलाई मानिसहरूका अङ्गहरू भएको रूपमा वर्णन गर्नु हो, जस्तैः

*भजन ११ : ४ :*

परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ, परमप्रभुको सिंहासन स्वर्गमा छ; उहाँका ***आँखाहरूले*** हेर्दछन्,
उहाँका ***पलकहरूले*** मानिसका सन्तान-हरूलाई जाँच गर्दछन् ।

### ई) पशुपक्षी-जगत्‌बाट लिएको रूपक

मनावीकरण गर्ने रूपकले गरेजस्तै, उस्तै प्रकारले परमेश्वरका सद्‌गुणहरू बयान गर्दा पशुपक्षी-जगत्‌को सहारा लिइन्छ र उहाँका सद्‌गुणहरू पशुपक्षीका अङ्ग-प्रतङ्गहरूसित तुलना गरिन्छ, जस्तैः

*भजन ९१ : ४ :*

उहाँले तिमीलाई आफ्ना ***प्वाँखहरूले*** ढाक्नुहुनेछ;
र उहाँका ***पखेटाहरूमनि*** तिमीले शरण लिनेछौ;
उहाँको सत्यता तिम्रो ढाल र कवच हुनेछ ।

### उ) अजीव वस्तुहरूमा मानवी गुण दिने व्यक्तीकरण

यस प्रकारको व्यक्तीकरण गर्ने अलङ्कारमा एउटा अजीव वस्तु वा निर्जीव गुणलाई मानिसको गुण र स्वभाव दिइन्छ, जस्तैः

*भजन ९६ :११-१२ :*

आकाश ***रमाओस्***, र पृथ्वी ***आनन्दित होस्***; समुद्र र त्यसको भरपूरी गर्जून् !
मैदान र त्यसमा भएका सबै थोक ***प्रफुल्लित होऊन्***;
तब जङ्गलका सबै रूखहरू परमप्रभुको सामु ***रमाउनेछन्*** ।

*हितोपदेश ८ :१२ :*

'म बुद्धिचाहिँ निपुणातासँग वास गर्छु, र विचारपूर्ण युक्तिहरूको ज्ञान प्राप्त गर्छु ।'

### ऊ) अक्षरबद्ध कविता

अक्षरबद्ध कविता ठीक किसिमले अनुवाद गर्न सकिँदैन;[7] किनभने यस प्रकारको कविता हिब्रू वर्णमालामाथि आधारित छ, र कविताका पंक्तिहरू वर्णमालाको क्रमअनुसार राखिएका छन् । यसका प्रख्यात उदाहरणहरू भजन ११९ र विलापको पुस्तकका पाँच अध्यायमध्ये चारवटा हुन्, जुनचाहिँ अक्षरबद्ध कविता हुन् । अनि हितोपदेशहरूको पुस्तकका अन्तिम बाइसवटा पदहरू हिब्रू वर्णमालाको

क्रमअनुसार प्रस्तुत गरिएका छन् (हितोपदेश ३१:१०-३१), जुन पदहरूमा एउटी आदर्श स्त्रीलाई सम्मान गरिएको छ।

अरू पनि अलङ्कार भाषाहरू छन्, जसमध्ये कति अलङ्कारहरू हामीले यहाँ प्रस्तुत गरेका अलङ्कारहरूसँग केही हदसम्म मिल्छन्, र उस्तै छन्। यसकारण हामी यो कुरा अघि बढ़ाउँदैनौं। किनकि हामीलाई के लाग्छ भने, यहाँ अलङ्कारहरूको विषयमा प्रस्तुत गरिएको जानकारी हाम्रा प्रिय ख्रीष्ट-विश्वासीहरूको निम्ति पर्याप्त छन्।

प्रिय पाठक, तपाईंले यी पाँचवटा कवितायुक्त पुस्तकहरू अध्ययन गर्नुभएको बेलामा यस प्रकारका रचनाहरू अवश्य भेट्टाउनुहुनेछ; अँ, पवित्र बाइबलका बाँकी भागहरूमा पनि फेला पार्नुहुनेछ। तब हाम्रो चाहना यो हो कि यी रचनाहरूद्वारा यी पवित्र लेखहरूको विषयमा तपाईंमा नयाँ चासो बढ़ेको होस्; किनभने तपाईंले यसको अध्ययनबाट यसको सुन्दरताको गुणगान गर्ने थुप्रै कारणहरू पाउनुहुनेछ (उपदेशक ३:११[क] हेर्नुहोस्)।

## ENDNOTES:

1) Three of these – Job, Proverbs, and Ecclesiastes – are also called ‘Wisdom Literature’. While poetic in form their contents stress wisdom, or the art and skill of living according to the fear of God.

2) Part of the reason for this is that the KJV traditionally has printed all forms of Bible literature – laws, history, poetry, epistles – in exactly the same format. More modern versions seek to show by the format itself the type of writing being presented.

3) The entire first psalm is an antithetical parallelism between the righteous and the ungodly, a masterpiece of what in art is called „dark against light and light against dark”.

4) Our Lord used metaphors when He called Himself „the Door,” „the Vine”, „the Bread of Life”, and „the Good Shepard”.

5) English preachers are especially fond of this device for sermon outlines, and alliteration is a real help to the memory, when not forced, fanciful or over-done.

6) In the New Testamant the book of Hebrews opens with a cluster of words beginning with the „p” sound (Greek *pi*) in the original.

7) Ronald Knox‘s translation of the Bible makes a rather impressive attempt to do so, but necessarily dropping four lesser-used letters from the English alphabet, since Hebrews has only twenty-two letters.